# सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः २ मितिः २०८१।०४।३०


## भाग-२

# सुनिलस्मृति गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार

**प्रस्तावनाः**

गाउँपालिकाका लागि लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ मा व्यवस्था भएअनुसार गाउँपालिका अध्यक्षको संयोजकत्वमा गठन गरीएको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण

कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्ः

१. गाउँपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, आवधिक योजना र अन्य प्रकाशित दस्तावेजमा लैससासको विषयबस्तुको समावेश गरी मूलप्रवाहीकरण गर्ने ।
२. गाउँपालिकाको समग्र विकास प्रक्रियामा लैङ्गिक तथा सामाजिक समावेशी मूलप्रवाहीकरण सुनिश्चितताका लागि नीति, रणनीति तथा कानुनको समीक्षा वा पुनरावलोकन गरी परिमार्जन गर्ने।

३. नेपाल सरकारको लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति, कानुन र प्रतिवद्धता कार्यान्वयनका लागि नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने/गराउने ।
४. योजना तथा बजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी लैङ्गिक उत्तरदायी तथा समाजिक समावेशी बजेट निर्माण गर्ने ।

५. योजना तर्जुमा तथा कार्यान्वयनमा लैङ्गिक तथा समावेशी सहभागिता बृद्धि गर्न नियमित अनुगमन गरी आवश्यक पृष्ठपोषण दिने । लैंससास उत्तरदायी योजना तर्जुमा

तथा बजेट बिनियोजन प्रणालीलाई अनिवार्य तथा संस्थागत गर्ने ।

६. गाउँपालिकाको योजना तर्जुमाका चरणमा महिला, बालबालिका, ज्येष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरु, दलित तथा सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चत गर्नका लागि संयन्त्र निर्माण गर्ने र उक्त समुदायको माग सम्वोधन गर्ने खालका योजनाहरुलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गर्ने ।

७. लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गर्ने /गराउने ।

८. लैससास र लैङ्गिक उत्तरदायी बजेट परीक्षणलाई संस्थागत गर्ने र नियमित परीक्षणबाट आएका पृष्ठपोषण लाई सम्वोधन गर्ने कार्ययोजना बनाई आवश्यक सुधारका लागि काम गर्ने/गराउने । यसका साथै कार्ययोजनाको अर्धवार्षिक समीक्षा गर्ने/गराउने ।

९. लैससास र लैङ्गिक उत्तरदायी बजेटमा काम गर्ने सरोकारवाला तथा नागरीक समाजसँग समन्वय र सहकार्य गर्ने ।

१०. गाउँपालिकाका सबै शाखा, उपशाखा, वडा कार्यालयहरुले लैससासमा गरेका कामहरुको अनुगमन, मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्ने ।

११. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा प्रभावकारी कार्यान्वयन गर्नका लागि शाखा वा इकाई स्थापना गर्ने र लैससास सम्पर्क व्यक्ति नियुक्त गरी कार्यजिम्मेवारी तोक्ने।

१२. उक्त शाखा वा इकाईले गरेको कामको वार्षिक समीक्षा गर्ने र आवश्यक प्रोत्साहन तथा पृष्ठपोषण गर्ने ।

१३. न्यायिक समितिलाई थप क्रियाशील बनाई लैंससासमैत्री न्याय सम्पादन प्रणालीको विकास गर्ने।

१४. महिला, किशोरी तथा बालिकाहरुको सामाजिक तथा आर्थिक विकासका वाधक वा विभेदयुक्त संरचनात्मक अवरोधहरु हटाउने खालका कार्यक्रम सञ्चालन गर्ने/गराउने ।

१५. लैंङ्गिक विभेद, लैङ्गिक हिंसा र विभिन्न खाले शोषण र विभेद वा दुर्व्यवहारहरुको अन्त्य गर्न निरोधात्मक कार्यक्रमहरु सञ्चालन गर्ने/गराउने ।

१६. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र सबै प्रकारका विभेद निवारणका लागि आचारसंहिता र गुनासो

सुनुवाई संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

१७. लैससासमा जवाफदेहिताका लागि लैससास आचारसंहिता निर्माण गरी कार्यान्वयन गर्ने ।

१८. हिंसा पिडित तथा विभिन्न जोखिममा परेका महिला, किशोरी र बालबालिका, बिशेष संरक्षणको आवश्यकता भएका ज्येष्ठ नागरीकहरु, अपाङ्गता भएका व्यक्तिहरुको तत्कालीन सुरक्षा र संरक्षणका लागि आवश्यक नीति तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने।

१९. गाउँपालिकाबाट प्रवाह गरीने सम्पूर्ण सेवालाई लैससासमैत्री बनाउने ।

२०. गाउँपालिकाका भौतिक संरचनाहरु लैससासमैत्री बनाउने ।

२१. उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने/गराउने।

आज्ञाले<br>
गोविन्द भट्टराई<br>
प्रमुख प्रशासकीय अधिकृत